सामाजिक रुपान्तरण र समुन्नत समाज निर्माण हाम्रो अभियान ।
शान्ति प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, गरीवी निवारण र सामुदायिक विकासमा रचनात्मक योगदान ॥

PAN No-302711594 SWC-10142 D.A.O.Reg. No - 7/056/057

# राष्ट्रिय ग्रामीण तथा सामुदायिक विकास केन्द्र (नार्डेक) नेपाल

केन्द्रीय कार्यालय, गुल्मी

**National Rural & Community Development Center (NARCDEC) Nepal,**

**Central Office Gulmi**

**Estd:- 2056**

---

च.नं. ९६५

प.स. ०७६।०७७

श्री प्रशासन
सूचना अधिकारी ज्यू
websiteमा पनि
राखौं।
११।२०

मिति : २०७६।११।०५

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गुल्मी जिल्ला सबै स्थानीय तह।

विषय : सूचना टाँस गरिदिनुहुन ।

प्रस्तुत विषयमा यस संस्थालाई ग्लोबल फण्ड,सेभ द चिल्ड्रेन इण्टरनेशनलको आर्थिक सहयोग र यस संस्थाको प्राविधिक तथा सामाजिक परिचालनमा गुल्मी जिल्लामा **आप्रवासी र उनीहरुको परिवारको लागि समुदाय स्तरमा सन्चालन हुने एचआईभी रोकथाम कार्यक्रमको** संचालन गर्नको लागि कर्मचारी आवश्यकता सम्बन्धि सूचना यसै पत्र साथ पठाइएको व्यहोरा जानकारी गराउदै तहा कार्यालयको सूचना पाटीमा सूचना टाँस गरि टाँस गरिएको जानकारी उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

दर्ता नं.: १०८८
दर्ता मिति: ११।१२

११।०५
रेशम कुँवर
कार्यकारी निर्देशक

---

**Mailing Address: Resunga Municipality ward no -1, Putalibazaar, Gulmi**
**Tel. 977-79-520544, Phone/Fax 977-79-520686**

सामाजिक रुपान्तरण र समुन्नत समाज निर्माण हाम्रो अभियान ।
शान्ति प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, गरीवी निवारण र सामुदायिक विकासमा रचनात्मक योगदान ॥

VAT/PAN No-302711594 SWC-10142 D.A.O.Reg. No - 7/056/057

# राष्ट्रिय ग्रामीण तथा सामुदायिक विकास केन्द्र (नार्डेक) नेपाल

केन्द्रीय कार्यालय, गुल्मी

**National Rural & Community Development Center (NARCDEC) Nepal,**
**Central Office Gulmi**
**Estd:- 2056**

च.नं. ९६१

# कर्मचारी आवश्यकता सम्बन्धि सूचना

**सूचना प्रकाशन मिति :- २०७६/११/०५ (१७ फेब्रुअरी २०२०)**

राष्ट्रिय ग्रामिण तथा सामुदायिक विकास केन्द्र (नार्डेक) नेपाल वि.सं. २०५६ सालमा स्थापना भएको गैर सरकारी, गैर नाफामुखी सामाजिक संस्था हो । स्थापना कालदेखि एकीकृत ग्रामीण विकास, खानेपानी तथा सरसफाई, जलवायु परिबर्तन् अनुकुल, सुशासन, शिक्षा, स्वास्थ्य, पशुपालन र आयआर्जन, द्वन्द् पिडित र प्रभावित परिवार तथा बालबालिकाका लागि सहयोग, वातावरण संरक्षण, प्रकोप व्यवस्थापन र संस्थागत तथा सिप विकास लगायतका परियोजनाहरु देशका विभिन्न क्षेत्रमा सञ्चालन गर्दै आईरहेको यस सामाजिक संस्थालाई ग्लोबल फण्ड, सेभ द चिल्ड्रेन इण्टरनेशनलको आर्थिक सहयोग र यस संस्थाको प्राविधिक तथा सामाजिक परिचालनमा गुल्मी जिल्लामा **आप्रवासी र उनीहरुको परिवारको लागि समुदाय स्तरमा सन्चालन हुने एचआईभी (HIV/TB for Migrants and their Spouses) रोकथाम कार्यक्रमको** लागि निम्नलिखित पदहरु आवश्यक भएकोले इच्छुक योग्य नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १० दिनभित्र दर्खास्त आव्हान गरिन्छ ।

**आवश्यक पदहरु :**

| सि नं | विज्ञापन नम्बर | पद | संख्या | कार्य क्षेत्र | आवश्यक शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|---|---|
| १ | १/०७६/०७७ | परियोजना संयोजक (Project Coordinator) | १ जना | गुल्मी | जनस्वास्थ्य विषयमा स्नातक (BPH) वा समाजशास्त्र वा सो सरह उतिर्ण गरि सामाजिक परिचालन / सम्बन्धित क्षेत्रमा कम्तिमा २ वर्ष कार्य अनुभव भएको । योजना र टिम परिचालन र व्यवस्थापनमा दक्षता भएको । कम्प्युटरमा दक्षता भएको र प्रतिवेदन लेखन सिप भएको ।उमेर २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको । |
| २ | २/०७६/०७७ | अनुगमन तथा मुल्यांकन अधिकृत (M&E Officer) | १ जना | गुल्मी | जनस्वास्थ्य विषयमा स्नातक (BPH) वा समाजशास्त्र वा सो सरह उतिर्ण गरि सामाजिक परिचालन / सम्बन्धित क्षेत्रमा कम्तिमा १ वर्ष कार्य अनुभव भएको । कम्प्यूटरमा दक्षता भएको, तथ्यांक विश्लेषण र प्रतिवेदन लेखनमा सिप भएको । उमेर २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको । |
| ३ | ३/०७६/०७७ | लेखा तथा प्रशासन (Admin & Finance Officer) | १ जना | गुल्मी | बाणिज्य विषयमा स्नातक वा सो सरह उतिर्ण गरि सम्बन्धित क्षेत्रमा कम्तिमा १ वर्ष कार्य अनुभव भएको वा सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्तिण गरि ३ वर्षको कार्य अनुभव भएको । कम्प्यूटरमा दक्षता भएको उमेर २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको । |
| ४ | ४/०७६/०७७ | ल्याव सहायक (Lab Assistance) | १ जना | गुल्मी | ल्याव सहायक तह उतिर्ण गरि संबन्धित निकायमा दर्ता भएको । १ वर्ष सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको ।उमेर १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको । |

Mailing Address: Resunga Municipality ward no -1, Putalibazaar, Gulmi
Tel. 977-79-520544/520559 /Fax 977-79-520686

सामाजिक रुपान्तरण र समुन्नत समाज निर्माण हाम्रो अभियान ।
शान्ति प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, गरीबी निवारण र सामुदायिक विकासमा रचनात्मक योगदान ॥

VAT/PAN No-302711594 SWC-10142 D.A.O.Reg. No - 7/056/057

# राष्ट्रिय ग्रामीण तथा सामुदायिक विकास केन्द्र (नार्डेक) नेपाल

केन्द्रीय कार्यालय, गुल्मी

**National Rural & Community Development Center (NARCDEC) Nepal, Central Office Gulmi**

**Estd:- 2056**

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ५/०७६/०७७ | फिल्ड कार्यकर्ता (In-reach Worker) | १२ जना | गुल्मी जिल्लाको तोकिएको गाउँपालिका | एसएलसी वा एसइइ वा सिएमए, अनमि उत्तिर्ण गरि सामाजिक परिचालन / सम्बन्धित क्षेत्रमा कम्तिमा १ वर्ष कार्य अनुभव भएको । समुदाय परिचालन सम्बन्धी राम्रो ज्ञान भएको, सहभागितात्मक कार्यक्रम सञ्चालन गर्न सक्ने र समुदायस्तरका तालिम, गोष्ठी र बैठक संचालन गर्न दखल भएको । उमेर १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको । |
| ६ | ६/०७६/०७७ | कार्यालय सहयोगी (Office Support Staff) | १ जना | गुल्मी | १० कक्षा पास वा सो सरह उत्तिर्ण गरि सम्बन्धित क्षेत्रमा कम्तिमा १ वर्ष कार्य अनुभव भएको । मोटरसाईकल वा स्कूटर चलाउन जान्ने र भएकोलाई प्राथमिकता दिईनेछ । उमेर १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको । |

## दरखास्त प्रकृया :

- आवेदन बुझाउने अन्तिम मिति — २०७६/११/१४ गते कार्यालय समय भित्र
- आवेदन बुझाउने स्थान — राष्ट्रिय ग्रामिण तथा सामुदायिक विकास केन्द्र (नार्डेक) नेपालको केन्द्रीय कार्यालय
- यस संस्थामा कार्य गर्न ईच्छुक उम्मेदवारले आवेदन फाराम संस्थाको केन्द्रीय कार्यालयमा कार्यालय समयमा प्राप्त गर्न सकिनेछ वा यस संस्थाको ईमेल ठेगाना narcdecnepal2000@gmail.com आवेदन पठाउन सकिनेछ । यसरी प्राप्त भएका आवेदनहरुबाट संस्थाले संक्षेपीकृत (Shortlisted) गर्नेछ । संक्षेपीकृत (Shortlisted) सूचीमा परेका उम्मेदवारलाई मात्र संस्थाद्वारा हुने परीक्षा प्रणाली अन्तरगत लिखित र अन्तरवार्ता परीक्षामा समावेश गराईने छ ।
- आफूले प्राप्त गरेका शैक्षिक योग्यता, तालिम तथा अनुभव र नागरिकताको प्रमाण पत्रको प्रतिलिपिहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
- स्थानीय, महिला, दलित, जनजाति र सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त गरेका उम्मेदवारहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- लिखित तथा अन्तरवार्ताको मिति पछि तोकिनेछ ।
- दरखास्त दिने अन्तिम दिन विदा परेमा स्वतः त्यसको भोलिपल्टको दिनलाई मान्यता दिइने छ ।
- तोकिएको अवधि पछि प्राप्त आवेदनहरु उपर कुनै कारवाही गरिने छैन ।
- सेवा सुविधाको हकमा संस्था तथा परियोजनाको नियमानुसार हुनेछ ।
- अन्य प्रक्रिया परियोजना र सस्थाको नियम अनुसार हुनेछ।
- थप जानकरिको लागि सस्थाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।

संयोजक
जनशक्ति व्यवस्थापन तथा परिचालन समिति
नार्डेक, नेपाल, गुल्मी

**Mailing Address: Resunga Municipality ward no -1, Putalibazaar, Gulmi**
**Tel. 977-79-520544/520559 /Fax 977-79-520686**